## कार्यपालिका बैठक -१९

मितिः- २०७८।०१।२७

आज मिति २०७८।०१।२७ गते सोमबारका दिन विजयनगर गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूको अध्यक्षतामा विजयनगर गाउँपालिका गाउँकार्यपालिकाको १९ (उन्नाइसौं) बैठक निम्न सहभागिहरुको उपस्थितिमा बसी विभिन्न प्रस्ताव उपर छलफल गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

### उपस्थितिः-

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोपाल बहादुर थापा मगर | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | सदस्य | |
| ३ | श्री इन्नर थारु | सदस्य | |
| ४ | श्री नेपाल थारु | सदस्य | |
| ५ | श्री बुद्धीराम अर्याल | सदस्य | |
| ६ | श्री तिलकराम कंडेल | सदस्य | |
| ७ | श्री अनवर मोहम्मद मुसलमान | सदस्य | |
| ८ | श्री प्रेम बहादुर कलवार | सदस्य | |
| ९ | श्री दिनेश कुमार चौधरी | सदस्य | |
| १० | श्री शकुन्तला भण्डारी | सदस्य | |
| ११ | श्री दमन्ती सरा राना कुमाल | सदस्य | |
| १२ | श्री सिमा वि.क. | सदस्य | |
| १३ | श्री नितु दर्जी | सदस्य | |
| १४ | श्री धनबीर सुनार | सदस्य | |
| १५ | श्री मो. मुर्तजा बढई | सदस्य | |
| १६ | श्री गोविन्द भट्टराई | सदस्य सचिव | |

### आमन्त्रित सदस्यः-

| | | | |
|---|---|---|---|
| १ | श्री बोधराज भुसाल | सहायक पाँचौ | |
| २ | श्री सावित्रा सुनार | का. सहयोगी | |

४५

**कार्यपालिका बैठक -१९**

मितिः- २०७८।०१।२७

**प्रस्तावहरुः-**

प्रस्ताव नं. १- समपूरक अनुदानका आयोजना तथा कार्यक्रम सम्वन्धमा ।

प्रस्ताव नं. २- रकमान्तर सम्वन्धमा ।

प्रस्ताव नं. ३ - संगठन तथा व्यवस्थापन सर्वेक्षण मस्यौदा सम्वन्धमा ।

प्रस्ताव नं. ४- जग्गा छनौट सम्वन्धमा ।

प्रस्ताव नं. ५- रकम उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णयहरुः-**

**निर्णय नं. १-** आ.व. २०७८।७९ मा यस गाउँपालिका र लुम्बिनी प्रदेश सरकारको लागत साझेदारीमा कार्यान्वयन हुने समपूरक आयोजनाका लागि तपसिल आयोजनाहरु प्रस्ताव गर्ने निर्णय पारित गरियो ।

**तपसिलः-**

१. महदैया - मैनारी सडक कालोपत्रे ।

२. गणेशपुर - प्रेमनगर सडक कालोपत्रे ।

३. महादेव - डालपुर - नयाँवस्ती - नौरङ्गीया - जवाबैराठ सडक कालोपत्रे ।

**निर्णय नं. २ -** देहायका योजना/कार्यक्रममा विनियोजित तपसिल बमोजिमको रकम यस गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय पारित गरियो ।

**तपसिलः-**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. ७ गणेशपुर गाउँभित्र सडक स्तरोन्नती (शि.नं. २, राजस्व वाँडफाँट) | रु. ३ लाख | |
| २ | वडा नं. ५ मनोहरापुर मन्दिर निर्माण (शि.नं. १२ राजस्व वाँडफाँट) | रु. ३ लाख | |
| ३ | तालिम, भ्रमण शिर्षकमा बाँकी रकम | रु. १० लाख | |
| | जम्मा | रु. १६ लाख | |

**निर्णय नं. ३-** यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण मस्यौदा उपर छलफल गरी उक्त मस्यौदामा उल्लेखित केहि विषयहरु संशोधन सहित पुनः पेश गर्न सम्वन्धित फर्मलाई निर्देशन दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ४-** यस गाउँपालिका भित्र **मुस्लिम विश्व विद्यालय** स्थापना गर्न हरेक दृष्टिकोणबाट उपयुक्त रहेको र सो को स्थापनाका लागि तपसिल बमोजिमका चार किल्ला भित्र पर्ने जग्गा छनौट गरी विद्यालय स्थापनाका लागि आवश्यक प्रकृया अघि बढाउनु हुन भनि **श्री सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा** लेखि पठाउने निर्णय पारित गरियो ।

**तपिसिलः-**

| क्र.सं. | जग्गा विवरण | चार किल्ला | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | साविक विसुनपुर गा.वि.स. ४घ अन्तर्गतको कित्ता नं. ४१२ | **पुर्व**- कि.नं.८३६, ५०६, ८३१, ५००, ५०८ र ८०६ **पश्चिम**-कि.नं. ८९४, ५३२, ५३०, ५२४,५२२, ५१८, ६१४ र ५१० **उत्तर**- मूल सडक र **दक्षिण**- कि.नं. ८९४ | करिव ८ विघा | |
| २ | साविक विसुनपुर गा.वि.स. ४घ अन्तर्गतको कित्ता नं. ८९४ | **पुर्व**- कि.नं. ४१२, **पश्चिम**- कि.नं. ३४४, **उत्तर**- कि.नं. ७०८ र **दक्षिण**- कि.नं. ८९५ | करिव २ विघा | |

२

**निर्णय नं. ५-** निम्न संस्था/समिति/योजना/व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तौलिहवा अस्पताल विकास समिति | तौलिहवा, कपिलवस्तु | कोभिड-१९ नियन्त्रणका लागि | रु. ५,००,०००।- ( पाँच लाख मात्र) | स्थानीय तह प्रकोप व्यवस्थापन कोष | DCMC कपिलवस्तुको निर्णयानुसार |
| २ | व्यापार संघ कपिलवस्तु | शिवराज-५, कपिलवस्तु | रक्तदान कार्यक्रम | रु. २५,०००।- ( पच्चिस हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |
| ३ | राम कुमारी कंवर | विजयनगर-६, छुटपाटी | औषधोपचार | रु. २०,०००।- (विस हजार मात्र) | विपन्न नागरिक उपचार उद्धार तथा सहयोग | |
| ४ | नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) लुम्बिनी प्रदेश कमिटी | वुटवल, रुपन्देही | अन्तर्राष्ट्रिय श्रमिक दिवस-२०२१ मनाउने | रु. १०,०००।- (दश हजार मात्र) | डेलिकेशन, मेला महोत्सव चाड पर्व शिर्षक | |